<u>पिपुल्स हाइड्रोपावर कम्पनी लिमिटेडको आ.व. ०८१/०८२ को वार्षिक साधारण सभाको</u>

<u>निर्णय विवरण :</u>

यस पिपुल्स हाइड्रोपावर कम्पनी लिमिटेडको १८ औं वार्षिक साधारण सभा (आ.व.०८१/०८२) संचालक समितिका अध्यक्ष श्री उदय नेपाली श्रेष्ठज्यूको अध्यक्षतामा निम्न मिति, समय र स्थानमा बसी निम्न लिखित प्रस्तावहरुमा छलफल भई निम्नानुसार निर्णयहरु गरियो ।

मिति : २०८२/०९/२३ बुधबार
समय : दिनको ११:०० बजे
स्थान : क्वालिटी वैंकेट, बुद्धनगर, बानेश्वर,काठमाण्डौं ।

साधारण सभाको वैधानिकता सम्वन्धमा : यस कम्पनीमा जम्मा ३,२०,००,००० थान शेयर बाँडफाँड भई २०८२/०९/११ मा बुक क्लोज भएको दिनसम्म शेयरधनीहरु कायम रहनु भएको जम्मा २,६५,१४६ शेयरधनीहरु मध्येबाट प्रत्यक्ष तथा प्रतिनिधि मार्फत जम्मा ११०१ जना उपस्थित भै जम्मा १,६८,५५,४६५ कित्ता (५२.६७ प्रतिशत) शेयरको प्रतिनिधित्व भएकोले साधारण सभाको लागि आवश्यक गणपूरक संख्या पुगेको र कम्पनीको नियमावली अनुसारको अन्य प्रकृया समेत पूरा भएकोले साधारण सभा वैधानिक रहेको हुँदा अध्यक्षज्यूले रुद्राक्षको विरुवामा जलसेचन गरी सभाको उद्‌घाटन गर्नुभयो । साधारण सभामा उपस्थित सबै महानुभावहरुलाई स्वागत अभिवादन गर्दै साधारण सभा प्रारम्भ भएको घोषणा गर्नुभयो ।

सभामा शेयरधनीहरुसंगै नियामक निकाय कम्पनी रजिष्ट्रारको कार्यालय र सिडिएस एण्ड क्लियरिङ लि. का प्रतिनिधिहरु आमन्त्रित अतिथिहरुको रुपमा उपस्थित हुनु भएको थियो । उपस्थित शेयरधनीहरु एवं आमन्त्रित अतिथिहरुलाई संचालक अर्जुन प्रसाद गौतमले स्वागत गरेपश्चात् सभाको छलफलका निम्न प्रस्तावहरु पेश भए ।

<u>प्रस्तावहरु:</u>

**(क) सामान्य प्रस्ताव:**

१.सञ्चालक समितिको वार्षिक प्रतिवेदन (आर्थिक वर्ष २०८१/०८२) उपर छलफल गरी पारित गर्ने सम्वन्धमा ।

२.लेखापरीक्षकद्वारा प्रस्तुत आर्थिक वर्ष २०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायत सोसंग सम्वन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने सम्वन्धमा ।

३.आर्थिक वर्ष २०८२/०८३ को लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा ।

४. विविध ।

(चन्द्रनाथ शर्मा)
कम्पनी सचिव

PEOPLES HYDROPOWER Co. Ltd.

(उदय नेपाली श्रेष्ठ)
अध्यक्ष

(ख) विशेष प्रस्ताव ।

१. कम्पनीको १७ औं वार्षिक साधारणसभाबाट चुक्ता पूँजीको १:१ अनुपातमा हकप्रद शेयर निष्काशन गरी सो को पचास प्रतिशत बैंक ऋण तिर्न र पचास प्रतिशत अर्को आयोजना निर्माणमा प्रयोग गर्ने सम्बन्धी भएको निर्णय उपर संशोधन गरी प्राप्त हुने सम्पूर्ण रकम बैंक ऋण चुक्ता गर्न प्रयोग गर्ने गरी हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा ।
२. प्रवन्ध पत्रको दफा ६ मा आवश्यक संशोधन (थप/घट) गर्ने सम्बन्धमा ।
३. नियमावलीको नियम २७ (२) तथा ३१ (क) र (ख) संशोधन (थप/घट) गर्ने सम्बन्धमा ।
४. कम्पनीको नाममा रहेको हिमचुली दोर्दी जलविद्युत आयोजना हिमचुली पावर कम्पनी प्रा.लि.को नाममा हस्तान्तरण/नामसारी गर्ने सम्वन्धमा ।
५. पारित प्रस्ताव स्वीकृतिको लागि नियामक निकायमा पेश हुँदा कुनै पनि संशोधन वा परिवर्तन गर्न कुनै निर्देशन वा कैफियत प्राप्त भएमा सो अनुसार संशोधन वा परिवर्तन गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।

(ग) विविध ।

यसपछि सामान्य प्रस्तावहरु प्रस्तुत गर्ने क्रममा संचालक समितिका अध्यक्ष श्री उदय नेपाली श्रेष्ठज्यूले संचालक समितिको आ.व. २०८१।०८२ को वार्षिक प्रतिवेदन सभामा प्रस्तुत गर्नु भयो । यस प्रतिवेदनसंगै आ.व.२०८१।०८२ को लेखापरीक्षकको प्रतिवेदनसाथ वित्तीय विवरणहरुमा छलफल गरी पारित गर्नको लागि सभासमक्ष अनुरोध गर्नुभयो । त्यसैगरी आ.व.२०८२।०८३ को लागि लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्तावहरु सभासमक्ष प्रस्तुत गर्नुभयो ।

सामान्य प्रस्तावको प्रस्तुति पछि अध्यक्षज्यूले विशेष प्रस्ताव प्रस्तुत गर्दै संचालक समितिको मिति २०८२।०८।२९ गतेको बैठकको निर्णयअनुसार कम्पनीको चुक्ता पूँजीको १:१ अनुपातमा हकप्रद शेयर निष्काशन गरी प्राप्त हुने रकमको लगानी सम्बन्धी प्रस्ताव सभासमक्ष पेश गर्नुभयो । त्यसैगरी कम्पनीको संस्थापक शेयरको लक इन अवधि समाप्ति पश्चात् सबै शेयरधनीहरु सर्वसाधारण समूहमा सूचिकृत हुने प्रावधान बमोजिम प्रवन्ध पत्रको दफा ६ मा आवश्यक संशोधन गर्ने प्रस्ताव सभामा पेश गर्नुभयो । त्यसैगरी प्रवन्ध पत्रमा संशोधन पश्चात् सोही बमोजिम मिलान हुने गरी नियमावलीमा पनि संचालकहरुको समूह एकीकरण भएपछि कायम हुने समूह सम्वन्धी नियमावलीको नियम २७(२) तथा नियम ३१ को (क) र (ख) को संशोधन सम्बन्धी प्रस्ताव सभामा प्रस्तुत गर्नुभयो ।

विशेष प्रस्ताव प्रस्तुत गर्ने क्रममा अध्यक्षज्यूले कम्पनीको नाममा रहेको हिमचुली दोर्दी जलविद्युत आयोजना कम्पनीको सहायक कम्पनी हिमचुली पावर कम्पनी प्रा.लि.को नाममा हस्तान्तरण/नामसारी गर्ने सम्बन्धी प्रस्ताव छलफलको लागि पेश गर्नुभयो । यसैगरी विशेष प्रस्तावको रुपमा साधारण सभाबाट निर्णय हुने प्रस्तावहरु विभिन्न नियामक निकायहरुमा पेश गर्दा त्यस्ता निर्णयहरुमा संशोधन वा परिवर्तन गर्न कुनै निर्देशन वा कैफियत प्राप्त भएमा सोअनुसार संशोधन वा परिवर्तन गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव सभामा प्रस्तुत गर्नुभयो ।

प्रतिवेदन प्रस्तुतिको क्रममा आ.व. ०८१।०८२ को लेखापरीक्षण प्रतिवेदनको सार तथा यस आ.व.को हालसम्मको आर्थिक अवस्था र आयोजनाको पछिल्लो अवस्थाको बारेमा प्रवन्ध संचालक श्री केशव बहादुर रायमाझीले सभासमक्ष प्रस्तुत गर्नुभयो ।

**शेयरधनीहरुबाट छलफल/सहभागिता**

प्रस्तावित उपरोक्त विषयहरु आजको यस साधारण सभामा उपस्थित शेयरधनीहरु समक्ष पेश भएकोमा सो माथि छलफल हुँदा निम्न जिज्ञासा तथा सुझाव र टिप्पणीहरु प्राप्त भयो :-

१.शेयरधनी निरुपमा गुप्ताले आफ्नो लिखित मन्तव्य दिँदै साधारण सभामा प्रस्तुत सबै प्रस्तावहरुमा आफ्नो समर्थन रहेको जनाउदै आगामी वर्ष शेयरधनीहरुलाई डबल डिजिटमा लाभांश वितरण गर्ने गरी ध्यानाकर्षण गराउनु भएको छ । त्यसैगरी समय सापेक्ष खर्च बढ्नु स्वभाविक भएपनि मितव्ययिता अपनाएर अगाडि बढ्न सुझाव दिँदै सिएसआरको केही रकमलाई निर्धन/असक्तहरुको लागि शिक्षामा लगानी गर्न सुझावसहीत शुभकामना दिनु भएको छ ।

२.शेयरधनी उद्धवप्रसाद घिमिरेले पनि लिखित मन्तव्य राख्दै प्रस्तुत सबै सामान्य तथा विशेष प्रस्तावमा समर्थन जनाउँदै हकप्रद शेयरको निष्काशन छिटै हुनेगरी काम गर्न र नयाँ जलविद्युत आयोजना निर्माणमा पनि ध्यान दिँदै लगानीकर्तालाई प्रतिफल दिने गरी काम गर्न सुझाव दिनुभयो ।

३.शेयरधनी सुदीप श्रेष्ठले यथासमयमा साधारण सभा गरेकोमा खुशी व्यक्त गर्दै नेपाल विद्युत प्राधिकरणले समयमै विद्युत प्रसारण लाइन नबनाएको कारण कम्पनीले विद्युत बिक्री गर्न नपाउंदा हामीजस्ता लगानीकर्ता प्रत्यक्ष प्रभावित हुनु परेको र यस वर्ष पनि कुनै प्रतिफल नपाएको गुनासो गर्दै प्रस्तावित हकप्रद शेयर जारी पश्चात् शेयरधनीले केही प्रतिफल प्राप्त गर्न सक्ने आशा व्यक्त गर्दै लिखित मन्तव्य दिनुभयो ।

४.शेयरधनी ब्रम्हदेव शाक्यले पनि लिखित रुपमा आफ्नो भनाई राख्दै सभामा प्रस्तुत सबै प्रस्तावहरुमा समर्थन गर्दै लगानीकर्तालाई लाभांश दिने प्रस्ताव नआएकोमा गुनासो व्यक्त गर्नुभयो । त्यसैगरी प्रस्तावित हकप्रद जारी भएमा आगामी वर्ष केही प्रतिफल प्राप्त हुने आशा व्यक्त गर्दै साधारण सभाको सफलताको कामना व्यक्त गर्नुभयो ।

५.शेयरधनी लक्ष्मण बहादुर श्रेष्ठले पेश भएका सबै प्रस्तावहरुमा समर्थन व्यक्त गर्दै आगामी साधारण सभा पहिलो त्रैमासभित्र गर्न सुझावसहीत हकप्रद शेयरको निष्काशन छिटै गरी आगामी वर्ष लाभांश पाउने आशा व्यक्त गर्दै लिखित सुझाव दिनुभयो ।

६.त्यसैगरी शेयरधनी सुरेन्द्र चिमोरियाले प्रस्तुत सबै प्रस्तावहरुमा समर्थन जनाउंदै कम्पनीको अझ बढी प्रगतिको कामनासहीत आगामी वर्ष लाभांश वितरण गर्ने गरी कार्यक्रम ल्याउन सुझाव दिनुभयो ।

७.शेयरधनी अमीर दास रंजितले लामो समयदेखि शेयरधनीले लाभांश नपाएको कुरा राख्दै यस आ.व.को पहिलो त्रैमासिक प्रतिवेदन सन्तोषजनक नआएको हुंदा आगामी दिनमा सुधार गरी आम्दानी बढाउने गरी काम गर्न सुझाव दिनुभयो ।

८.शेयरधनी डमरुवल्लभ घिमिरेले पूरा समय बस्न नभ्याउने भन्दै लिखित मन्तव्य दिनुभयो । उहाँले प्रतिवेदन तयारीमा लागेको अथक मिहेनत र परिश्रमको लागि धन्यवाद दिँदै शेयरधनीले अपेक्षा गर्ने

PEOPLES HYDROPOWER Co. Ltd.

प्रतिफल यस वर्ष हुन नसके पनि अर्को वर्ष घटीमा दश प्रतिशतको अपेक्षा गर्दै आगामी साधारण सभा कार्तिक मंसिरमा गर्न सुझाव सहित सभाको सफलताको कामना गर्नुभयो ।

९.त्यसैगरी शेयरधनी दिपक सापकोटाले ऋण घटाउने प्रयोजनको लागि हकप्रद शेयर जारीलाई स्वागत गर्दै केही रकम अन्य आयोजनामा पनि लगानी गर्न सकेमा राम्रो हुने सुझाव दिनुभयो ।

१०.शेयरधनी सागर पौडेलले हरेक वर्षको साधारण सभाबाट शेयरधनीहरुले गरेको आशा निराशामा परिणत भैरहेको गुनासो गर्दै चालु आयोजना नै समस्यामा रहेको अवस्थामा नयाँ आयोजना हिमचुलीमा किन लगानी गर्ने त भनी प्रश्न गर्दै उक्त आयोजना निर्माणतर्फ नलाग्न सुझाव दिनुभयो ।

११.त्यसैगरी शेयरधनी सूर्यप्रसाद दहालले भक्तपुरको साथीहरु नआउनु भएको र उहाँहरुको एउटै गुनासो केही प्रतिफल पाइएन, सुनाइदिनुहोला भन्नुभएको भनाई राख्नुभयो ।

१२.शेयरधनी बलराम सुवालले संचालकहरु पुरानै हुनुहुन्छ, प्रतिफल शून्य छ, शेयरधनीहरु निराश छन् भन्नुभयो ।

**शेयरधनीहरुले उठाएका बिषयको जिज्ञासामा संवोधन :**

सभाका सभापतिको निर्देशनअनुसार प्रवन्ध सञ्चालक श्री केशव बहादुर रायमाझीले शेयरधनीहरुबाट आएका गुनासा र जिज्ञासाहरुको जवाफ दिदै हकप्रद शेयर निष्काशन सम्बन्धमा भएको निर्णयको औचित्यबारे प्रष्ट पार्नुभयो । गत वर्ष निर्णय भएबमोजिम हकप्रद शेयर निष्काशनको स्वीकृतिको लागि विद्युत नियमन आयोगमा अनुरोध गरिएकोमा हिमचुली दोर्दी जलविद्युत आयोजना (५७ मे.वा.) को पिपिए हुन नसकेको कारण स्वीकृति प्राप्त नभएकोले यस वर्ष गत वर्षको साधारण सभाले गरेको निर्णय संशोधन गरी १:१ अनुपातमा नै हकप्रद शेयर निष्काशन गरी प्राप्त हुने सम्पूर्ण रकम बैंक ऋण घटाउने प्रयोजनमा प्रयोग गर्नेगरी प्रस्ताव गरिएको बताउँदै हिमचुली जलविद्युत आयोजना निर्माण गर्ने सम्बन्धमा उठेका जिज्ञासामा हालसम्म अध्ययन तथा यस आयोजनाले प्रयोग गर्ने बाटो, प्रसारण लाइन तथा अन्य संरचना समेतको निर्माणमा ठूलो लगानी भैसकेको हुंदा आयोजना निर्माण गर्नुपर्ने वाध्यता एकातर्फ छ भने अर्कोतर्फ समयमा पिपिए नहुनु, उत्पादन अनुमति पत्रको म्याद घट्दै जानु, वातावरणमा देखिएको प्रतिकुल प्रभाव र आयोजनाको निर्माणमा देखिएको विविध समस्याले गर्दा हालसम्म भएको लगानी प्राप्त भएमा आयोजना नै कसैलाई हस्तान्तरण गर्ने कि भन्ने दोधार अवस्थामा रहेकोले आयोजना नामसारी वा हस्तान्तरण गरी कम्पनी उक्त आयोजनाबाट अलग हुने अख्तियारीसमेत प्रदान गर्नुहुन सभासमक्ष अनुरोध गर्नु भयो । त्यसैगरी कम्पनी र शेयरधनीको हितको लागि यहांहरुले दिनुभएका सुझावहरुलाई कार्यान्वयन गर्दै जाने कुरामा विश्वास दिलाउँदै पेश भएबमोजिम हकप्रद शेयर निष्काशन गर्न सकिएमा ठूलो परिमाणमा बैंक ऋण घट्न गै सोको लागि तिर्नुपर्ने ब्याज रकम बचत हुने र आगामी वर्षा याम अगाडि नै निर्माणाधिन मार्किन चोक-भरतपुर विद्युत प्रसारण लाइन निर्माण सम्पन्न भै वर्षा यामको सवै उत्पादन बिक्री गर्न पाउंदा हुने आम्दानीबाट आगामी वर्षहरुमा केही प्रतिफल दिन सकिने अवस्था हुने कुरा शेयरधनीहरुलाई जानकारी गराउँदै कम्पनीप्रति सद्भाव र माया देखाई साधारण सभामा पाल्नु भई आफ्नो

महत्वपूर्ण सुझाव दिई संस्थालाई मार्ग निर्देशन गर्नु हुने सम्पूर्ण शेयरधनीहरुलाई धन्यवाद दिंदै शेयरधनीहरुको सुझावलाई संस्थाको सम्पत्तिको रुपमा लिने प्रतिबद्धता व्यक्त गर्नु भयो ।

**निर्णय:**

त्यसपछि सभामा प्रस्तुत सामान्य तथा विशेष प्रस्तावहरु प्रस्तुत गरी निर्णय गर्ने कार्यक्रमअनुसार निम्नबमोजिमका प्रस्तावहरु प्रस्तुत र पारित गरियो ।

(क) सामान्य प्रस्तावउपर शेयरधनीहरुबाट छलफल भई निम्नानुसार निर्णय गरियो ।

१. प्रस्ताव नं. एकउपर छलफल गर्दा यस कम्पनीले आ.व. ०८१/०८२ मा गरेका सम्पूर्ण गतिविधिहरु तथा कामकारवाहीहरु र निर्धारित ढाँचामा तयार पारी विभिन्न नियमनकारी निकायमा पेश भएका तथा पेश गर्नेगरी तयार पारिएका कम्पनी ऐन,२०६३ को दफा ५१,७८ लगायतका विभिन्न प्रतिवेदनहरु तथा साधारण सभामा प्रस्तुत वार्षिक प्रतिवेदन आजको यस १८ औं वार्षिक साधारण सभामा उपस्थित शेयरधनीहरु बीच व्यापक छलफल भई उक्त प्रतिवेदनलाई सर्वसम्मत रुपमा पारित गरियो ।

२. प्रस्ताव नं. दुईउपर छलफल गर्दा आ.व. ०८१/०८२ मा गरेका सम्पूर्ण आर्थिक कारोवारहरु समेटी वाह्य लेखापरीक्षकबाट पेश भएको लेखापरीक्षकको प्रतिवेदनसहित २०८१ श्रावण १ देखि २०८२ आषाढ मसान्तसम्मको वासलात, नाफा/नोक्सान हिसाव, नगद प्रवाह विवरण र शेयर पूँजीमा भएको परिवर्तन लगायत अन्य अनुसूचीहरु सहीतको वित्तीय विवरण उपर सभामा छलफल गरी सर्वसम्मतिले पारित गरियो ।

३. प्रस्ताव नं. तीनउपर छलफल गर्दा यस कम्पनीको चालु आ.व. ०८२/०८३ को लेखापरीक्षण गर्नको लागि संचालक समितिको सिफारिसबमोजिम गत आ.व.का लेखापरीक्षक दिपेश आचार्य एशोसियट्सका चार्टर्ड एकाउण्टेन्ट श्री दिपेश आचार्यलाई नै मूल्य अभिवृद्धि कर वाहेक रु. २,००,०००।- (अक्षरुपी दुई लाख मात्र) पारिश्रमिक दिने गरी लेखापरीक्षकमा नियुक्त गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

(ख) पेश भएका विशेष प्रस्तावहरुमाथि शेयरधनीहरु विच छलफल भई निम्नानुसार निर्णयहरु गरियो ।

१. विशेष प्रस्ताव नं. एकउपर छलफल गर्दा कम्पनीको १७ औं वार्षिक साधारण सभाबाट १:१ अनुपातमा हकप्रद शेयर निष्काशन गरी ५० प्रतिशत रकम बैंक ऋण घटाउने र अर्को ५० प्रतिशत रकम कम्पनीको नामको अर्को आयोजनामा लगानी गर्नेगरी निर्णय भएकोमा अर्को आयोजना ( हिमचुली दोर्दी जलविद्युत आयोजना) को विद्युत खरीद बिक्री सम्झौता एवं वित्तीय व्यवस्थापन सम्वन्धी सम्झौता हुन नसकेको कारण हकप्रद शेयर निष्काशन गर्ने कार्य हुन नसकेकोमा पूर्व निर्णय बमोजिम नै १:१ अनुपातमा हकप्रद शेयर निष्काशन गरी प्राप्त हुने सम्पूर्ण रकम बैंक ऋण घटाउने प्रयोजनमा खर्च गर्ने गरी पेश भएको प्रस्ताव नियामक निकायको स्वीकृति लिई निष्काशन गर्ने भनी सर्वसम्मत रुपमा पारित गरियो ।

२. विशेष प्रस्ताव नं. दुईउपर छलफल गर्दा कम्पनीको संस्थापक शेयरको लकइन अवधि समाप्त भै किनबेच समेत शुरु भएको अवस्थामा प्रवन्ध पत्रको दफा ६ मा भएको शेयरको समूहहरु नरहने

PEOPLES HYDROPOWER Co. Ltd.

भएकोले सबै शेयरहरु सर्वसाधारण सरह कायम भएको परिप्रेक्षमा दफा ६ को (घ) हटाउने गरी पेश भएको निम्नबमोजिमको प्रस्ताव सर्वसम्मत रुपमा पारित गरियो ।

**संशोधित प्रवन्धपत्रको विवरण**

**प्रवन्ध पत्रको दफा ६ को उपदफा**

(घ) हटाइएको ।

३. विशेष प्रस्ताव नं.तीनउपर छलफल गर्दा विशेष प्रस्ताव नं. दुईमा निर्णय भए बमोजिम कम्पनीको नियमावलीको नियम २७ र ३१ मा भएको संचालकहरुको समूहगत व्यवस्था असान्दर्भिक भएकोले सोमा मिलान गर्ने गरी भएको निम्नबमोजिमको संशोधन प्रस्ताव सर्वसम्मत रुपमा पारित गरियो ।

**संशोधित नियमावलीको विवरण**

**नियमावलीको नियम २७ को उपनियम**

(२) यस कम्पनीमा महिला सहित ७ जनाको संचालक समिति हुनेछ ।

**नियमावलीको नियम ३१ को उपनियम**

(क) हटाइएको ।

(ख) हटाइएको ।

४. विशेष प्रस्ताव नं. चारउपर छलफल गर्दा यस कम्पनीको नाममा उत्पादन अनुमतिपत्र प्राप्त हिमचुली दोर्दी जलविद्युत आयोजना (५७ मे.वा.) कम्पनीको सहायक कम्पनीको रुपमा दर्ता भएको हिमचुली पावर कम्पनी प्रा.लि. को नाममा हस्तान्तरण/नामसारी गर्ने संचालक समितिको निर्णयबमोजिम विद्युत विकास विभागमा अनुरोध गरिएकोमा विभागबाट सैद्धान्तिक सहमति प्राप्त भएको छ । हाल विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (पाचौं संशोधन) को दफा २३ बमोजिम आयोजना हस्तान्तरण/नामसारीको लागि साधारण सभाको निर्णय आवस्यक पर्ने नयाँ व्यवस्था भएअनुसार उक्त हिमचुली दोर्दी जलविद्युत् आयोजना (५७ मे.वा) हिमचुली पावर कम्पनी प्रा.लि.को नाममा हस्तान्तरण/नामसारी गर्ने भनी पेश भएको प्रस्ताव सर्वसम्मत रुपमा निर्णय गरियो ।

साथै यस सभामा **शेयरधनीहरुले उठाएका बिषयको जिज्ञासामा संवोधन** प्रकरणमा प्रवन्ध संचालकले सभालाई जानकारी गराई प्रस्ताव गरेबमोजिम हाल पिपुल्स हाइड्रोपावर कम्पनीको नाममा रहेको हिमचुली दोर्दी जलविद्युत् आयोजना यस कम्पनी वा हस्तान्तरण गरिलिने हिमचुली पावर कम्पनी प्रा.लि.ले निर्माण नगर्ने अवस्था भएमा हालसम्म पिपुल्स हाइड्रोपावर कम्पनीको तर्फबाट हिमचुली जलविद्युत् आयोजनाको लागि भएको खर्च उठ्ने गरी कुनै कम्पनी वा व्यक्तिले लिन चाहेमा दिनेसम्मको अख्तियारी संचालक समितिलाई दिनेगरी प्रस्तुत प्रस्तावसमेत सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।

PEOPLES HYDROPOWER Co. Ltd.

५. विशेष प्रस्ताव नं. पांचउपर छलफल गर्दा यस कम्पनीले उपरोक्तबमोजिम निर्णय भएका प्रस्तावहरु स्विकृति एवं अभिलेखको लागि नियमनकारी निकायहरु वा कार्यालयमा पेश गर्दा ती निकाय /कार्यालयहरुबाट कुनै पनि विषयमा संशोधन/परिवर्तन वा कुनै निर्देशन वा कैफियत प्राप्त भएमा सो समेत मिलाई संशोधन वा परिर्वतन गर्ने लगायत हकप्रद शेयर निष्काशन सम्वन्धमा विद्युत नियमन आयोग, नेपाल धितोपत्र बोर्डलगायत नियामक निकायबाट कुनै निर्देशन प्राप्त भएमा सो सम्वन्धी आवश्यक सम्पूर्ण कार्यहरु गर्नको लागि संचालक समितिलाई पूर्ण अख्तियारी दिने समेत सर्वसम्मत निर्णय गरियो ।

**(ग) विविध/समापन :**

आजको यस साधारण सभामा प्रस्तुत भएका मन्तव्य, जिज्ञासा, टिप्पणी तथा सुझाव कम्पनीका लागि अति नै महत्वपूर्ण रहेको उल्लेख गर्दै कम्पनीको सञ्चालक समिति तथा व्यवस्थापनलाई मार्गनिर्देशन प्रदान गर्नु हुने सम्पूर्णमा आभार व्यक्त गर्दै उपस्थित शेयरधनी महानुभावहरु, संचालकज्यूहरु, सल्लाहकारज्यूहरु, नियामक निकायहरुबाट आउनुभएका प्रतिनिधिज्यूहरु लगायत सम्पूर्ण अतिथिज्यूहरु, साधारण सभाको व्यवस्थापनमा खट्नु भएका सम्पूर्ण कर्मचारीहरु एवं सानिमा क्यापिटलका कर्मचारीहरु लगायत सभालाई सभ्य र भव्य रुपमा सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने सबैमा हार्दिक धन्यवाद दिंदै अन्य छलफलका विषय/ प्रस्तावहरु बाँकी नरहेकोले अध्यक्षज्यूले आजको वार्षिक साधारण सभा समापन भएको घोषणा गर्नु भयो ।

(उदय नेपाली श्रेष्ठ)
अध्यक्ष

(चन्द्रनाथ शर्मा)
कम्पनी सचिव

PEOPLES HYDROPOWER Co. Ltd.